# उच्च अदालत पाटन, हेटौंडा इजलास
## हेटौंडा, मकवानपुर
## (प्रशासन शाखा)

☎ ०५७-५२३२३१ / ०५७-५२०३९० / ०५७-५२७१६५

## सूचना सूचना सूचना

### सूचना प्रकाशित मिति :- २०७६।०५।३१

यस अदालतमा सेवा लिन आउने विभिन्न मातृभाषा वोल्ने र राम्रोसंग नेपाली भाषा वोल्न र वुझ्न नसक्ने सेवाग्राहीका लागि दोभाषेमार्फत उनीहरुले वोल्ने मातृभाषालाई नेपाली भाषामा उल्था गरी सेवा गर्ने र सवै भाषा भाषीका न्यायका उपभोक्ताहरुलाई न्यायको समान पहुँचमा ल्याउन योग्य दोभाषे छनौट गरी दोभाषेको सेवा प्रयोग सम्वन्धी निर्देशिका, २०७२ को दफा ४ वमोजिम देहाय वमोजिमका योग्यता भएका इच्छुक उमेदवारहरुवाट दरखास्त आह्वान गरिन्छ ।

<u>आवश्यक योग्यता</u>

१. उम्मेदवारको योग्यता
   क) उल्था गर्ने भाषा मौखिक रुपमा राम्रोसंग वुझ्न, वोल्न र लेख्न जान्ने ।
   ख) सरकारी कामकाजको नेपाली भाषा राम्रोसंग वुझ्न, वोल्न र लेख्न जान्ने ।

२. उल्था गर्नु पर्ने भाषा
   क) तामाङ
   ख) चेपाङ
   ग) मगर

३. दोभाषेको पारिश्रमिक:- तोकिए बमोजिम ।

४. दरखास्त दिने अवधी:- सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।

५. सम्पर्क राख्दा यस अदालतको रजिष्ट्रार वा प्रशासन शाखा (०५७-५२३२३१) मा सम्पर्क गर्नु हुन ।